# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, साउन ०८ गते, २०८२ साल (संख्या ०६

## भाग ३

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

### अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरूमा गठित अस्पताल व्यवस्थापन समितिको आर्थिक क्रियाकलापलाई पारदर्शी, मितव्ययी, प्रभावकारी, औचित्यपूर्ण बनाई अस्पतालहरूको स्तरोन्नति एवं सुदृढीकरण गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

(क) "अस्पताल" भन्नाले गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरू सम्झनु पर्छ।

(ख) "गठन आदेश" भन्नाले संक्रामक तथा सरूवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति गठन आदेश, २०७७ (संशोधन सहित), अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० (संशोधन सहित), आँपपिपल अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ र बुर्तिवाङ अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२ लाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विशेषज्ञ चिकित्सक" भन्नाले चिकित्सा विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको चिकित्सकलाई सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले गण्डकी प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले प्रदेश सरकार मातहतका अस्पतालहरूमा गठित अस्पताल व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ज) "सरकार" भन्नाले गण्डकी प्रदेश सरकारलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले महानगर/उपमहानगर/नगर/गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद-२

## बजेट तथा कार्यक्रम तर्जुमा र सो को कार्यान्वयन

३. **बजेट तथा कार्यक्रम तर्जुमा समिति** (१) अस्पतालहरूको बार्षिक नीति तथा योजना र बजेट तथा कार्यक्रम प्रस्ताव गर्न प्रत्येक अस्पतालहरूमा देहाय बमोजिमका पदाधिकारी रहेको समिति गठन गरिनेछः-

(क) प्रमुख मेडिकल सुपरिटेण्डेन्ट / मेडिकल सुपरिटेण्डेन्ट -संयोजक
(ख) अस्पताल व्यवस्थापन समितिले तोकेको समितिको सदस्य एक जना -सदस्य
(ग) संयोजकले तोकेको अस्पतालमा कार्यरत चिकित्सक एक जना -सदस्य
(घ) अस्पतालको नर्सिङ प्रमुख -सदस्य
(ङ) अस्पतालको प्रशासन शाखा प्रमुख -सदस्य
(च) अस्पतालको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
(छ) अस्पतालको योजना तथा तथ्याङ्क शाखा प्रमुख (रिक्त रहेको अवस्थामा संयोजकले तोकेको कर्मचारी) -सदस्य सचिव

तर आँपपिपल अस्पताल र बुर्तिवाङ अस्पतालमा सम्बन्धित अस्पताल व्यवस्थापन समिति गठन आदेश बमोजिमको समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले आर्थिक वर्षको श्रावण महिनाको पन्ध्र गते भित्र अस्पतालको बार्षिक नीति तथा योजना र बजेट तथा कार्यक्रमको प्रस्ताव तयार गरी समिति समक्ष पेश गर्नुपर्नेछ। यसरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग र लक्षित वर्गको पहुँच र सहभागितालाई प्राथमिकता दिनु पर्नेछ।

(३) अस्पतालको वार्षिक कुल अनुमानित नगद आम्दानी (स्वास्थ्य बीमा बाहेक) को पन्ध्र प्रतिशत रकम दफा १० बमोजिमको कोषमा योगदान गर्नुपर्नेछ। यसरी योगदान पछि बाँकी रहने रकम दफा ३ बमोजिमको समितिले अनुसूची-१ अनुसार बाँडफाँट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटमा अस्पतालले आवश्यकतानुसार अनुसुची-१ बमोजिम तोकिएको शीर्षकमा दश प्रतिशतसम्म घट/बढ गर्न सक्नेछ।

(५) उपदफा (४) भन्दा फरक सिमा कायम गर्नु पर्ने भएमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

४. **बजेट तथा कार्यक्रम स्वीकृतिः** (१) दफा ३ बमोजिमको समितिबाट पेश भएको नीति तथा योजना र बजेट तथा कार्यक्रम समितिमा पेश गरी छलफल र आवश्यकता अनुसार परिमार्जन गरी श्रावण मसान्तभित्र स्वीकृत गर्नु पर्नेछ।

(२) समितिबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम अस्पतालले निर्णय भएको एक हप्ताभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अस्पतालबाट पेश भएको बजेट तथा कार्यक्रम मन्त्रालयले प्राप्त भएको मितिले १५ दिनभित्र आवश्यक संशोधन वा परिमार्जन सहित स्वीकृत गरी सम्बन्धित अस्पताललाई जानकारी दिनु पर्नेछ।

(४) आवश्यकता र औचित्यको आधारमा उपदफा (३) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम चालु आर्थिक वर्षको दोश्रो त्रैमासिकको समाप्ति पश्चात अस्पतालले बढिमा २ पटक संशोधन गर्न मन्त्रालयमा प्रस्ताव पेश गर्न सक्नेछ।

५. **बजेट तथा कार्यक्रमको कार्यान्वयनः** (१) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी समितिको सदस्य सचिव (अस्पताल प्रमुख) को हुनेछ।

(२) स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि कार्यमूलक वातावरणको सिर्जना गर्नु समितिका पदाधिकारीहरूको जिम्मेवारी हुनेछ।

(३) समितिको बैठकमा सदस्य सचिवले बजेट तथा कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण पेश गर्नु पर्नेछ।

(४) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट जारी प्रचलित नियम कानून बमोजिम हुने गरी गर्नु पर्नेछ।

(५) अस्पतालले आन्तरिक आम्दानी र खर्चको त्रैमासिक एवं बार्षिक प्रतिवेदन प्रादेशिक स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

## समिति तर्फको जनशक्ति व्यवस्थापन

६. **संगठन संरचना, दरबन्दी र पदपूर्तिः** अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरी अस्पताल सञ्चालन एवं स्तरोन्नति गर्न आवश्यक दरबन्दी स्वीकृत गर्ने प्रक्रिया अस्पताल व्यवस्थापन समिति गठन आदेशले तोके बमोजिम बमोजिम हुनेछ।

७. **कामकाजमा खटाउने र सरुवाः** (१) अस्पताल प्रमुखले वा निजले तोकेको व्यक्तिले अस्पतालमा कार्यरत समिति तर्फको कर्मचारीहरूलाई आवश्यकताको आधारमा विभिन्न विभाग शाखा र इकाईमा खटाउनेछ।

(२) अस्पतालको सेवा प्रवाहमा आवश्यक पर्ने विषयको ज्ञान र सीप विकासका लागि अस्पतालमा कार्यरत समिति तर्फको कर्मचारीलाई अस्पताल प्रमुखले बढिमा तीन महिनासम्मको तालिममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम एक महिनाभन्दा बढी बवधिको तालिममा सहभागी भएको कर्मचारीले तालिम अवधिको चौब्बर अवधिसम्म सम्बन्धित अस्पतालमा सेवा गर्नुपर्नेछ। सो बमोजिम सेवा अवधि पूरा नगरेमा सम्बन्धित कर्मचारीबाट तालिम अवधिको तलब भत्ता तथा तालिम खर्च सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) अस्पतालमा कार्यरत समिति तर्फका कर्मचारीहरूको एक अस्पतालबाट अर्को अस्पतालमा सरुवा हुनेछैन।

(५) अस्पताल तर्फको कुनै पनि कर्मचारी बिदा स्वीकृत नगराई वा कुनै जानकारी नदिई लगातार पन्ध्र दिन भन्दा बढी अनुपस्थित भएमा अस्पताल प्रमुखले त्यस्तो कर्मचारीको नियुक्ति खारेज गरी सेवाबाट हटाउनेछ।

(६) अस्पतालमा कार्यरत समिति तर्फको कर्मचारीको सम्पूर्ण समय प्रदेश सरकारको अधिनमा हुनेछ र निजलाई आवश्यकताको आधारमा जुनसुकै समयमा पनि अस्पतालको काममा खटाउन सकिनेछ।

८. **कर्मचारीको पारिश्रमिक भत्ता, बिदा लगायत अन्य सुविधा :** (१) अस्पतालमा नियुक्त समिति तर्फको कर्मचारीले पदमा बहाल गरेको दिनदेखि करार सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक, चाडपर्व खर्च, पोषाक भत्ता र अतिरिक्त सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। प्रचलित श्रम सम्बन्धी कानूनले तोके बमोजिम कर्मचारीको पारिश्रमिक तय हुनेछ।

(३) समिति तर्फको कर्मचारीले नियमित छ महिना हाजिर भई करार अवधि पूरा गरेमा वर्षमा एक पटक चाडपर्व खर्च पाउनेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारीले स्वैच्छिक रुपमा आफ्नो पारिश्रमिकबाट रकम कट्टी गरी सामाजिक सुरक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको कर्मचारीले करार अवधिभर सार्वजनिक बिदा बाहेक मासिक एक दिन बिदा पाउनेछ। उक्त बिदा अधिकतमा छ महिना सञ्चित रहनेछ तर सञ्चित बिदा वापतको रकम भुक्तानी हुनेछैन।

(६) प्रचलित कानून बमोजिम मृत्यु संस्कार बिदा र महिला कर्मचारीले प्रसुति बिदा पाउनेछन्। तर अध्ययन, असाधारण, बेतलवी वा अन्य कुनै प्रकारको बिदा पाउने छैन।

(७) अतिरिक्त समय काम गरेकोमा (भत्ता नलिएमा मात्र) वा सार्वजनिक बिदामा कामकाज गरेकोमा त्यस्तो सट्टा बिदा तीन महिना भित्र लिई सक्नुपर्नेछ। सञ्चित रहेको सट्टा बिदा तीन महिना भित्र नलिएमा सो सट्टा बिदा सञ्चित रहने छैन।

(८) सार्वजनिक बिदा र अतिरिक्त समयमा काम गर्दा थप आर्थिक सुविधा लिई वा सिफ्ट ड्युटिमा कामकाज गरेमा सट्टा बिदा दिइने छैन।

(९) उपदफा (१) बमोजिमको कर्मचारीको तहवृद्धि, स्तरबृद्धि हुने छैन। त्यस्तो कर्मचारीले निवृत्तिभरण, उपदान, थप संचय कोष जस्ता सुविधा पाउने छैन।

अस्पताललले प्रिमियम एवं नवीकरण शुल्क तिरी नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिदिन सक्नेछ।

(१०) प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीका लागि प्रदेश सरकारबाट कुनै विशेष आर्थिक सुविधा वा सहुलियत प्रदान भएमा समिति तर्फको कर्मचारीले त्यस्तो सुविधा वा सहुलियत दाबी गर्न पाउने छैन।

## परिच्छेद-४

## प्रोत्साहन सम्बन्धी व्यवस्था

९. **चिकित्सक एवं स्वास्थ्यकर्मीहरूको प्रोत्साहन सम्बन्धमाः** (१) अनुसूची-२ बमोजिम कार्यसम्पादनका आधारमा समितिको कोषबाट अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकलाई अधिकतम १०० प्रतिशत र मेडिकल अधिकृतलाई अधिकतम ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ। एमडी एमएस उत्तीर्ण गरी आठौं तहमा कार्यरत चिकित्सकहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराउँदा नवौं तह सो सरह मानी उपलब्ध गराइनेछ।

(२) कार्यसम्पादनको आधारमा विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, नर्सिङ कर्मचारी लगायतलाई अनुसूची-३ बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउन उपदफा (१) ले बाधा पार्ने छैन।

(३) रेडियोलोजी र प्रयोगशाला विभागमा कार्यतरत कर्मचारीहरूलाई उपदफा (२) बमोजिम प्रोत्साहन उपलब्ध गराउँदा प्राप्त हुने रकमबाट जोखिम भत्ता वापतको रकम कट्टा गरी थप मात्र प्रदान गर्न सकिनेछ।

(४) शिफ्ट ड्युटी (Shift Duty) मा सेवा गर्ने स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीले अतिरिक्त सेवा गरे बापत अतिरिक्त सेवाको समय अवधि गणना गरी निजले लिएको सट्टा बिदा कटाई प्रत्येक ३ महिनामा दैनिक तलब स्केलको शत प्रतिशत हुने गरी उपलब्ध हुनेछ।

(५) एमडी/एमसीएच उत्तीर्ण विशेषज्ञ चिकित्सकहरूलाई थप प्रोत्साहन उपलब्ध गराउन उपदफा (१) र (२) ले बाधा पार्ने छैन।

(६) नर्सिङ लगायतका स्वास्थ्यकर्मीलाई अनुसूची-४ बमोजिम सूचकको आधारमा प्रचलित तलव स्केलको अधिकतम २५ प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ।

(७) समितिले निर्णय गरी प्रचलित तलब स्केलको आधारमा अस्पताल प्रमुखलाई अधिकतम ५० प्रतिशत र विभागीय प्रमुख, नर्सिङ प्रमुख, प्रशासन लगायतका शाखा प्रमुख एवं कर्मचारीलाई २५ प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

(८) समितिले अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक र नर्सिङ लगायत अन्य कर्मचारीहरूलाई कानून बिपरित दोहोरो पर्ने गरी भत्ता उपलब्ध गराउने छैन।

(९) समितिले अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक र नर्सिङ लगायत अन्य कर्मचारीहरूलाई औचित्य, आवश्यकता, उपलब्धता र प्राथमिकताको आधारमा सम्भव भएसम्म आवास सुविधा उपलब्ध गराउन सक्नेछ।

(१०) माथी जुनसुकै कुरा लेखिएको भए तापनि समितिमा आर्थिक स्रोतको अभाव भएमा प्रोत्साहन भत्ता उपलब्ध गराउन अस्पताल बाध्य हुने छैन। साथै, दफा ९ अनुसार दोहोरो नपर्ने गरी मन्त्रालयको स्वीकृति लिई अस्पतालले अलग्गै आन्तरिक मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-५

## स्वास्थ्य आकस्मिक एवं अस्पताल सुदृढीकरण कोष

१०. **स्वास्थ्य आकस्मिक एवं अस्पताल सुदृढीकरण कोष सम्बन्धी व्यवस्थाः** (१) अस्पतालहरूको स्तरोन्नति एवं सुदृढीकरण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा विविध खाता अन्तर्गत मन्त्रालयको स्वास्थ्य आकस्मिक तथा अस्पताल सुदृढीकरण कोष रहनेछ।

(२) कोषको खातामा देहाय बमोजिमका रकमहरू रहने छन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदानको रकम,

(ख) अस्पतालमा भएको आम्दानीबाट प्राप्त हुने रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) साविकको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा सञ्चित रहेको रकम उपदफा (१) बमोजिमको कोषमा जम्मा हुनेछ।

११. **कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) दफा १० बमोजिमको कोष सञ्चालन गर्न मन्त्रालयमा देहायको कोष सञ्चालक समिति रहनेछः-

| | |
|---|---|
| अध्यक्ष | -सचिव, मन्त्रालय |
| सदस्य | -महानिर्देशक, प्रादेशिक स्वास्थ्य निर्देशनालय |
| सदस्य | -महानिर्देशक, प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| सदस्य | -प्रमुख, नीति, योजना तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय |

सदस्य -प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय

सदस्य -प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय

सदस्य-सचिव -प्रमुख, चिकित्सा सेवा महाशाखा, मन्त्रालय

(२) कोष सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) कोष सञ्चालक समितिको बैठकमा आवश्यकता अनुसार अस्पतालका प्रमुखहरू एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कोष सञ्चालक समितिको सचिवालयको रुपमा मन्त्रालयको चिकित्सा सेवा महाशाखाले कार्य सम्पादन गर्नेछ।

(५) मन्त्रालयको सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट कोषको खाता सञ्चालन हुनेछ।

१२. **कोषको रकम निकासा सम्बन्धी व्यवस्था:** (१) कोष सञ्चालन समितिको निर्णयानुसार कोषको रकम अस्पतालहरूमा कम्तिमा त्रैमासिक रुपमा निकासा गर्नु पर्नेछ।

(२) कोषको रकम समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा आवश्यक विशेषज्ञ एवं प्राविधिक जनशक्ति व्यवस्थापन, प्रोत्साहन भत्ता, औजार उपकरण खरिद, मर्मत, औषधी तथा औषधीजन्य सामग्री व्यवस्थापन, भौतिक संरचना सुधार मर्मत एवं निर्माण, विपद पूर्व तयारी एवं प्रतिकार्य, आकस्मिक अवस्थामा विरामी रिफरल, विपदमा परेका घाइतेहरूको आकस्मिक उपचार, विशेष स्वास्थ्य अभियान आदिको लागि अस्पतालमा निकासा गर्नेछ।

(३) अस्पतालले कोषबाट निकासा भएको रकम जुन प्रयोजनका लागि भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(४) अस्पतालले सेवा अविछिन्न राख्न औचित्य र आवश्यकताका आधारमा बिना आर्थिक स्रोत खर्च गरेको भए, सो को शोधभर्ना कोष सञ्चालक समितिले गरिदिन सक्नेछ। तर सो को औचित्य पुष्टि हुने गरी अस्पतालले समितिलाई अनिवार्य लिखित जानकारी गराएको हुनु पर्नेछ।

(५) यस कोषबाट रणनैतिक अवस्थितिका स्थानीय तह मातहतका अस्पतालहरूको लागि मेडिकल अधिकृत र औजार उपकरणको व्यवस्था गर्न सकिनेछ।

(६) यस कोषबाट अस्पतालको सेवा विस्तारको लागि उपयोगी हुने विषयमा स्वदेश वा विदेशमा बढिमा एक वर्षसम्मको तालिम वा फेलोसिपको लागि पूर्ण वा आंशिक प्रायोजन गर्न सकिनेछ। यसरी तालिम लिने जनशक्तिले प्रदेशको तोकिएको अस्पतालमा तालिम अवधिको तेब्बर अवधि सेवा दिनुपर्नेछ अन्यथा तालिममा लागेको सम्पूर्ण खर्च निजबाट असुल उपर गरिनेछ। यसरी प्रदान गरिने रकम कोष सञ्चालक समितिको निर्णय अनुसार अधिकतम तीन लाखसम्म मात्र हुनेछ।

(७) कोषमा न्यूनतम तीन करोड रूपैयाँ मौज्जात रहने गरी मात्र खर्च गर्न सकिनेछ।

(८) रकम निकासा गर्दा अस्पताल व्यवस्थापन समिति गठन आदेश बमोजिम सञ्चालन भएको सम्बन्धित अस्पतालको प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खाता मार्फत निकासा गर्नु पर्नेछ।

१३. **<u>कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकारः</u>** कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शोधभर्ना रकम यकिन गरी सम्बन्धित अस्पताललाई निकासा गर्ने,

(ख) अस्पतालहरूको सञ्चालन, स्तरोन्नति एवं सुदृढीकरणको लागि आवश्यक जनशक्ति, प्रोत्साहन भत्ता, औषधीजन्य सामग्री, औजार उपकरण एवं भौतिक संरचनाको पहिचान गरी आवश्यक बजेट वाडफाँट गरी रकम निकासा गर्ने,

(ग) कोषलाई सुदृढ बनाई प्रभावकारी रुपमा परिचालन गर्ने,

(घ) कोषबाट अस्पतालहरूमा विनियोजित बजेट तथा कार्यक्रमको अनुगमन एवं सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने।

## परिच्छेद-६

## <u>विविध</u>

१४. **<u>सहायता स्वीकार गर्न सक्नेः</u>** (१) प्रचलित कानूनको अधिनमा रही अस्पतालले कुनै व्यक्ति वा संघ संस्थाबाट सेवामा उपयोगी हुने वस्तुगत सामग्री स्वीकार गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सामग्रीलाई आम्दानीमा जनाई लागत मूल्यसहित अभिलेख राख्नु पर्नेछ।

१५. **<u>निर्देशन दिन सक्नेः</u>** (१) मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा कुनै अध्ययन, अनुसन्धान गर्न सक्नेछ।

(२) मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा जुनसुकै बखत आवश्यक अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१६. **<u>अभिलेख तथा प्रतिवेदनः</u>** समितिको लेखा र आर्थिक कारोवारको अभिलेख र प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ।

१७. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आई परेमा गण्डकी प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. **<u>संशोधन गर्न सक्नेः</u>** (१) गण्डकी प्रदेश सरकारले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) आवश्यकता अनुसार मन्त्रालयले यस कार्यविधिका अनुसूचीहरू संशोधन गर्न सक्नेछ।

## अनुसूची -१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>बजेट बाँडफाँट</u>**

| **क्र.सं.** | **बाँडफाँटका शीर्षक** | **छुट्याउनु पर्ने प्रतिशत (%)** |
|---|---|---|
| (क) | जनशक्ति व्यवस्थापन र प्रोत्साहन भत्ता | ३० |
| (ख) | औषधी, रिएजेन्ट एवं औजार, उपकरण खरिद | ४५ |
| (ग) | औजार ,उपकरण र सार्वजनिक मर्मत, सुधार एवं निर्माण | १० |
| (घ) | सेवा सञ्चालन एवं विस्तार खर्च | १० |
| (ङ) | विविध खर्च | ३ |
| (च) | प्रशासनिक र कार्यक्रम खर्च | २ |

## अनुसूची -२

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**चिकित्सक एवं स्वास्थ्यकर्मीहरूको प्रोत्साहन भत्ता**

| क. आधारभूत तलवको अधिकतम शत प्रतिशत हुने गरी | | | |
|---|---|---|---|
| **क्रसं.** | **सूचक** | **अङ्कभार** | **कैफियत** |
| १ | नियमित विद्युतीय हाजिरी | २५ प्रतिशत | २३ दिन बढि भएमा २५ प्रतिशत<br>२०-२३ दिन भएमा २० प्रतिशत<br>१५-१९ दिन भएमा १५ प्रतिशत<br>१५ दिन भन्दा कम भएमा ० प्रतिशत |
| ३ | वार्ड र इमरजेन्सी राउण्ड (दैनिक २ पटक) | १० प्रतिशत (बिहानी राउण्ड -५ प्रतिशत साझको राउण्ड -५ प्रतिशत) | मासिक बिहानीसाँझ/ राउण्ड छुट्टाछुट्टै<br>२३ पटक बढि भएमा १० प्रतिशत<br>२०-२३ पटक भएमा ७ प्रतिशत<br>१५-१९ पटक भएमा ५ प्रतिशत<br>१५ पटक भन्दा कम भएमा ० प्रतिशत |
| ४ | EMR को प्रयोग | ५ प्रतिशत | प्रयोग गरेमा ५ प्रतिशत<br>प्रयोग नगरेको भएमा ० प्रतिशत |
| ५ | CME/CPD कक्षामा सहभागी (लिने/ दिने) गरेको | ५ प्रतिशत | प्रति महिना<br>२ सेसन भएमा ५ प्रतिशत<br>२ सेसन भन्दा कम भएमा ० प्रतिशत |
| ६ | Conference मा उपस्थित हुने गरेको (२३ दिन) | ५ प्रतिशत | २३ दिन बढि भएमा ५ प्रतिशत<br>२०-२३ दिन भएमा ३ प्रतिशत<br>१५-१९ दिन भएमा २ प्रतिशत<br>१५ दिन भन्दा कम भएमा ० प्रतिशत |
| ७ | अस्पताल प्रशासन प्रति जवाफदेही र उत्तरदायी, बिरामीप्रतिको जवाफदेहिता एवं समयको परिपालना र | १० प्रतिशत | मेडिकल सुपरिटेन्डेन्ट वा निजले तोकेको कर्मचारीले मूल्याङ्कन गर्ने |

| क. आधारभूत तलवको अधिकतम शत प्रतिशत हुने गरी | | | |
|---|---|---|---|
| **क्रसं.** | **सूचक** | **अङ्कभार** | **कैफियत** |
| | औषधीको Generic prescription | | |
| ८ | MSS प्राप्ताङ्क | १० प्रतिशत | ९० प्रतिशत र माथि भएमा १० प्रतिशत<br>८०-८९ प्रतिशत भएमा ७ प्रतिशत<br>७०-७९ प्रतिशत भएमा ५ प्रतिशत<br>६०-६९ प्रतिशत भएमा ३ प्रतिशत<br>६० प्रतिशत भन्दा कम भएमा १ प्रतिशत |
| ९ | विस्तारित ओपिडि /EHS मा सेवा | १० प्रतिशत | १२ दिन बढि भएमा १०प्रतिशत<br>१०-१२ दिन भएमा ७ प्रतिशत<br>७-१० दिन भएमा ५ प्रतिशत<br>७ दिन भन्दा कम भएमा ० प्रतिशत |
| १० | सार्वजनिक बिदाको दिन सेवा प्रवाह | १० प्रतिशत | ५ दिन बढि भएमा १० प्रतिशत<br>३-४ दिन भएमा ७ प्रतिशत<br>३ दिन भन्दा कम भएमा ५ प्रतिशत<br>नगरेमा ० प्रतिशत |
| ११ | निजि अभ्यास | १० प्रतिशत | निजि अभ्यास नगरेमा १० प्रतिशत<br>स्वीकृति लिई निजि अभ्यास गरेमा ० प्रतिशत |

**अनुसूची -३**

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रोत्साहन भत्ता</u>**

| **क.सं** | **अस्पतालको सेवा कार्यक्रमको विवरण** | **अतिरिक्त सुबिधा पाउने सङ्ख्या** | **खर्च मापदण्ड** | | | **कै.** |
|---|---|---|---|---|---|---|
| अस्पतालले तोकेको सेवा शुल्कलाई आधार मानी कार्यान्वयन गर्नुपर्ने | | | मनाङ् , मुस्ताङ आँपपिपल र बुर्तिवाङ अस्पताल | कास्की जिल्लास्थित अस्पताल | अन्य अस्पतालहरू | |
| 1 | CT/MRI | >30/month/dr | 30% | 20% | 25 % | |
| 2 | USG | >690/month/dr | 30% | 10% | 20% | |
| | USG Emergency | - | 40% | 20% | 30% | |
| | USG Special (Doppler, anomaly scan) | - | 40% | 20% | 30% | |
| 3 | OPD* | >690/Month/Dr | Rs. 20 | Rs. 20 | Rs. 20 | |
| 4 | ECG | >460/Month | 30% | 15% | 20% | |
| 5 | Dressing | >460/Month | 30% | 15% | 20% | |
| 6 | X-ray | >690/Month/No of radiographer in a shift | 30% | 15 % | 20% | |
| 7 | OPD Procedure | | 30% | 20% | 25% | |
| 8 | Surgical service | | | | | |
| | Minor | | 30% | 10% | 20% | |
| | Intermediate | | 30% | 10% | 20% | |
| | Major | | 40% | 20% | 30% | |
| | Emergency | | 50% | 30% | 40% | |
| 10 | Dental Procedure | Prostodontics | 40% | 20% | 30% | |
| | | Other | 30% | 15% | 20% | |
| 11 | Pathology | Histo/Cyto/Pap smear/FNAC | 50% | 20% | 30% | |
| 12 | Special Services | ECHO (>10 /month/dr) | 40% | 20% | 30% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | CTG | 40% | 20% | 30% | |
| | | Endoscopy >10/month/dr | 40% | 20% | 30% | |
| | | Colonoscopy >10/month/dr | 40% | 20% | 30% | |
| | | Colposcopy >10/month/dr | 40% | 20% | 30% | |
| | | NPL >10 /month/dr | 40% | 20% | 30% | |
| | | Bronchoscopy >10 /month/dr | 40% | 20% | 30% | |
| 13 | ICU/NICU | | 20% | 10% | 15 % | |
| 14. | Dialysis per cycle | Maintenance dialysis | 10% | 5% | 7% | |
| | | Emergency/Infective | 20% | 10% | 10% | |
| 15. | Medicine Procedure | CVP/HD Catheter/LP/Pleural tapping/Epidural etc | 40 % | 20% | 20% | |
| 16. | Laboratory | | 7 % | 3 % | 5% | |

**Public Holiday/Night duty/On call**

| | | On duty | 1st on call | 2nd on call | |
|---|---|---|---|---|---|
| Public Holiday | Consultant Doctor | 100% per day salary | 75% | 25% | 1st on call will be as 'call attend' if he/she attends the case. |
| | Medical Officer | 75% per Day Salary | 50% | - | |
| | Nursing Supervisior | 75% per day salary | 50% | - | |
| | Other staff | 50% per day salary | 25% | - | |
| Night | Consultant Doctor | 75% per day Salary | 50% | 25% | Night on public holiday will not be considered here. |
| | Medical Officer | 75% per day Salary | 50% | - | |
| | Nursing supervisior | 75% per day Salary | 50% | - | |
| | Other Staffs | 50% per day Salary | 25% | | |
| Night Allowance (for those who are on floor Duty) | Medical Officer | 50% per Day Salary | | | |
| | Nursing Staff | 40% per day Salary | | | |
| | Paramedics | 40% per day salary | | | |
| | Office helper | 30% per day Salary | | | |

**अनुसूची -४**

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**प्रोत्साहन भत्ता (आधारभूत तलवको अधिकतम २५ प्रतिशत हुने गरी)**

| क्रसं. | सूचक | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | नियमित विद्युतीय हाजिरी | ३० प्रतिशत | २३ दिन बढि भएमा ३० प्रतिशत<br>२०-२३ दिन भएमा २५ प्रतिशत<br>१५-१९ दिन भएमा २० प्रतिशत<br>१५ दिन भन्दा कम भएमा ० प्रतिशत |
| ३ | रात्रिकालिन सेवा | २० प्रतिशत | ७ दिन बढि भएमा २० प्रतिशत<br>५-७ दिन भएमा १५ प्रतिशत<br>३-५ दिन भएमा १० प्रतिशत<br>३ दिन भन्दा कम भएमा ५ प्रतिशत<br>नगरेमा ० प्रतिशत |
| ४ | EMR को प्रयोग | ५ प्रतिशत | प्रयोग गरेमा ५ प्रतिशत<br>प्रयोग नगरेमा ० प्रतिशत |
| ५ | CME/CPD कक्षामा सहभागी (लिने/ दिने) गरेको | ५ प्रतिशत | प्रति महिना<br>२ सेसनमा सहभागी भएमा ५ प्रतिशत<br>२ सेसन भन्दा कम भएमा ० प्रतिशत |
| ६ | Conference मा उपस्थित हुने गरेको (२३ दिन) | ५ प्रतिशत | २३ दिन बढि भएमा ५ प्रतिशत<br>२०-२३ दिन भएमा ३ प्रतिशत<br>१५-१९ दिन भएमा २ प्रतिशत<br>१५ दिन भन्दा कम भएमा ० प्रतिशत |
| ७ | अस्पताल प्रशासन प्रति जवाफदेही र उत्तरदायी एवं समयको परिपालना | १० प्रतिशत | मेडिकल सुपरिटेन्डेन्ट वा निजले तोकेको कर्मचारीले मूल्याङ्कन गर्ने |
| ८ | बिरामीप्रति जवाफदेही | ५ प्रतिशत | |
| १० | सार्वजनिक बिदाको दिन सेवा प्रवाह | १० प्रतिशत | ५ दिन बढि भएमा १० प्रतिशत<br>३-४ दिन भएमा ७ प्रतिशत<br>३ दिन भन्दा कम भएमा ५ प्रतिशत<br>नगरेमा ० प्रतिशत |

| | | | |
|---|---|---|---|
| ११ | MSS प्राप्ताङ्क | १० प्रतिशत | ९० प्रतिशत वा बढी भएमा १० प्रतिशत<br>८०-८९ प्रतिशत भएमा ७ प्रतिशत<br>७०-७९ प्रतिशत भएमा ५ प्रतिशत<br>६०-६९ प्रतिशत भएमा ३ प्रतिशत<br>६० भन्दा कम भएमा १ प्रतिशत |

आज्ञाले,

डा. विश्व बन्धु बगाले

प्रदेश सरकारको सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु २५।-